# जिल्ला समन्वय समितिको कार्यालय

पाँचथर,फिदिम

पत्र संख्या :- ०७४/७५ मितिः-२०७४/०५/२१

विषय :- सिलबन्दी दरभाउपत्र आव्हानको सूचना।

पहिलो पटक प्रकाशित मिति :- २०७४/०४/२६
दोश्रो पटक प्रकाशित मिति :- २०७४/०५/२१

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय राजश्व परिचालन शाखा सिंहदरवार काठमाडौँको च.नं. ४१ मिति २०७४।१।२९ गतेको पत्रबाट आगामी आर्थिक बर्षको लागि आन्तरिक आयको व्यवस्था गर्न प्राप्त निर्देशन अनुसार मिति २०७४।४।२५ गतेको जिल्ला स्तरीय राजश्व परामर्श समितिको सिफारिस अनुसार जिल्ला समन्वय समितिको कार्यालय, पाँचथरले आ.व. २०७४।०७५ को लागि आन्तरिक आय (ढुंगा, गिटी, बालुवा, रोडा आदिको बिक्री कर) संकलन ठेक्का निम्नानुसार बन्दोवस्त गर्नुपर्ने भएकोले प्रचलित नेपाल कानून बमोजिम इच्छुक योग्य फर्म वा कम्पनी संस्थाहरुबाट दरभाउपत्र फाराम खरिद गरी तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले लिन चाहेको ठेक्का नं. र कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा खुलाई सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**ठेक्का शर्तहरु**

१.प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाण पत्र लिएका फर्म वा कम्पनी संस्थाहरुले दरभाउपत्र फाराम खरिद गरी सूचना बमोजिमको शर्तका आधारमा दाखिला गर्न पाउने छन्।

२.दरभाउपत्र फाराम खरिद गर्न आ.व.०७३/७४ मा इजाजत नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र,आ.व. ०७२/७३ को आयकर चुक्ता प्रमाणपत्र,नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु सहित दरभाउपत्र खरिदको निवेदन पेश गर्नुपर्ने छ।

३.यो सूचना ब्लाष्ट टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र दरभाउपत्र फारम खरीद गरी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्ने छ। सो दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट हुनेछ।

४.यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु १६ औं दिनको २:०० बजे भित्र वा बिदा परेमा सोको भोली पल्ट कार्यालयको प्रतिनिधिहरु र सिलबन्दी दरभाउपत्र दाताहरुको रोहवरमा खोलिने छ तर सिलवन्दी दरभाउपत्र दाताहरु अनुपस्थित रहेमा पनि खोल्न बाधा पर्ने छैन।

५. जसको नाममा दरभाउपत्र खरिद गरिएको हो सोही फर्म वा कम्पनीको नामबाट मात्र दाखिला गर्नुपर्ने छ। यस कार्यालयबाट प्रमाणित नभएका दरभाउपत्रलाई मान्यता दिइने छैन र सोको छायाप्रति पनि स्वीकार्य हुने छैन।

६. सिलबन्दी दरभाउपत्र पेश गर्नेले नियमानुसार आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५% ले र गैर नेपाली नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको ने.वै.लि.पाँचथर स्थित धरौटी खाता नं. ०६७०३०००००००००३०००००२ मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन मान्य अवधि रहने गरि जारी गरेको छुट्टाछुट्टै बैंक जमानत (बीड बण्ड) पेश गर्नु पर्नेछ।

७.सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत सिलबन्दी दरभाउपत्रहरुको कवोल गरेको अंकको ५% ले हुने धरौटी रकम नगद वा बैंक जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले जारी गरेको कार्यसम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गरी सिलबन्दी दरभाउपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौताको लागि यस कार्यालयमा उपस्थित हुनुपर्ने छ।

८. ठेक्का स्वीकृत भएपश्चात सम्झौताका बखत आफूले कवोल गरेको ठेक्का अंकको १३% हुने रकम एक मुष्ठ मुल्य अभिवृद्धि कर (VAT) (सबै प्रकारको ठेक्का व्यवसायमा लाग्ने मू.अ.कर ) दाखिला गरेको सक्कलै बैंक भौचर पेश गरे पश्चात वा यस कार्यालयमा सो (VAT) वापतको रकम एकमुष्ठ बुझाईसकेपछि मात्र ठेक्का सम्झौता गरिनेछ ।

९. ढुंगा, गिटी, वालुवा, ग्रावेल रोडा पुलको आसपास ५०० मि. भित्र, वन क्षेत्र र कुनै व्यक्तिको घर जग्गा कुलो बाँध आदिबाट निकाल्न पाइने छैन ।

१०. सिलवन्दी दरभाउपत्रबाट स्वीकृत ठेक्काको ठेक्का अवधि २०७४ आश्विन १ गते देखि ०७५ जेष्ठ मसान्त सम्म ९ ( नौ ) महिनाको रहनेछ ।

११. ठेक्का कवोल रकम तीन किस्तामा बुझाउनुपर्ने छ । सम्पूर्ण ठेक्का अंकको ४०% रकम एकमुष्ठ ठेक्का सम्झौताको बखत जम्मा गर्नुपर्ने छ । बाँकी ६०% मध्ये दोस्रो किस्ता ३०% रकम २०७४ कार्तिक मसान्त भित्र र बाँकी तेस्रो किस्ता बापतको ३० % रकम २०७४ फागुन मसान्त भित्रै बुझाउनुपर्ने छ । प्रथम किस्ता बुझाई सम्झौता गर्न आउँदा स्वीकृत बाँकी रकम बराबरको ०७४ जेष्ठ मसान्त सम्म म्याद भएको मान्यता प्राप्त बैंक जमानत ( परफरमेन्स वण्ड ) सम्झौता गर्दाको वखत नै पेश गर्नुपर्ने छ । तोकिएको किस्ता म्यादभित्र नबुझाएमा परफरमेन्स वण्ड तथा धितो जमानत बाट असुली गरिने छ । कुनै पनि कारण देखाई कबोल अंकमा छुट माग गर्न पाइने छैन ।

१२. ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ठ सम्झौताको अवस्थामा अग्रिम रुपमा बुझाएमा कबोल अंक (मु.अ.क.बाहेक) को बढीमा १०% सम्म रकम छुट दिन सकिने छ ।

१३. नेपाल सरकार वा जिल्ला समन्वय समितिले समय समयमा दिएको निर्देशन पूर्णरुपमा पालना गर्नुपर्ने छ । ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा जिल्ला समन्वय समिति, पाँचथरको निर्णय अन्तिम हुनेछ ।

१४. न्युनतम ठेक्का अंक भन्दा घटी कबोल गरी सिलबन्दी दरभाउपत्र पेश गर्न पाइने छैन, साथै ठेकेदारबाट कुनै सर्त राखिएको वा रीत नपुगेको सिलबन्दी दरभाउपत्र माथि कुनै कार्वाही गरिने छैन ।

१५. ठेक्का कबोल गर्ने ठेकेदारले जिल्ला समन्वय समितिले तोकेको कर उठाउँदा प्रयोग गर्ने नगदि रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालयमा छपाइको लगत पेश गरेर मात्र कर दस्तुर संकलन गर्ने कार्यमा प्रयोग गर्नुपर्ने छ । साथै प्रयोग भएका रसिदहरुका विवरण कार्यालयले माग गरेमा एक/एक प्रति उपलब्ध गराउनु ठेक्केदारको कर्तव्य हुनेछ ।

१६. वातावरण संरक्षण ऐन २०५३ को दफा ३ तथा नियमावली २०५४ को परिच्छेद २ बमोजिम EIA सम्बन्धी विषयहरु यस ठेक्काको सर्त मानी दुवै पक्षबाट पालना गरिने छ ।

१७. राजमार्ग वा सहायक राजमार्गमा तगारो राखी कर असुल गर्न पाइने छैन ।

१८. ठेक्का समाप्त भई करचुक्ता पेशगरेपछि धरौटी बापतको रकम नियमानुसार फिर्ता गरिनेछ ।

१९. यस जिल्ला समन्वय समितिमा बक्यौता तिर्न बाँकि रहेको व्यक्ति, फर्म वा कम्पनीहरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म शिलवन्दी दरभाउपत्रमा भाग लिन पाउने छैन ।

२१. कुनै जिल्लामा कर, दस्तुर बुझाइ सकेको प्रमाण पेश गरेमा पुनः कर दस्तुर शुल्क लिन पाइने छैन ।

२२. ठेक्का संचालनको सिलसिलामा नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण कर,दस्तुर, शुल्क आदि ठेक्केदार स्वयमले बुझाउनुपर्नेछ । उक्त रकम ठेक्का अंकबाट कटाउन पाइने छैन । ठेक्का अवधिभर ठेक्केदारले ठेक्का तोड्न पाइनेछैन । विचैमा ठेक्केदारले ठेक्का तोडेमा असुल हुन बाँकी रकममा १०% व्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरेभन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेक्केदारबाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२३. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।

२४. माथि उल्लेखित सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

२५. सिलबन्दी दरभाउपत्र सम्बन्धि शर्तहरु तथा दररेट सम्बन्धि विस्तृत विवरण यस कार्यालयको वेबसाइट www.ddcpanchthar.gov.np बाट पनि हेर्न सकिनेछ । सो सम्बन्धी अन्य कुरा बुझ्न परेमा जिल्ला समन्वय समितिको कार्यालय, पाँचथर तथा फोन नं. ०२४-५२०२३४ र ४४५ मा सम्पर्क राख्न सकिने छ ।

| **ठेक्का नं.** | **उत्खनन क्षेत्र** | **नदी वा खोला** | **श्रोत वस्तु** | **कुल ठेक्का अंक मु.अ.क. बाहेक** |
|---|---|---|---|---|
| ३/२०७४/०७५ | यागुनि  आसपास | साँवा खोला | बालुवा, ढुंगा र गिट्टी | **१३२७०००.** |
| | आतमारा आसपास | नाँवा खोला | बालुवा, ढुंगा र गिट्टी | |
| | बाँजोगरा आसपास | नाँवा खोला | बालुवा, ढुंगा र गिट्टी | |
| | सिंवा दोभान आसपास | निबु खोला | बालुवा, ढुंगा र गिट्टी | |
| | मालेढांड आसपास | निबु खोला | बालुवा, ढुंगा र गिट्टी | |
| | साँवासेरा आसपास | तमोर नदि | बालुवा | |
| | लखुवा दोभान आसपास | तमोर नदि | बालुवा | |
| | लुमुघाट देभान असपास | तमोर नदि | बालुवा  ढुंगा | |